ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्याः ११ नगरसभाबाट पारित मितिः २०८०।०९।२६

प्रमाणिकरणः २०८०।१०।१९

प्रकाशन मितिः २०८०।१०।२१

## भाग–१

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको सूचना !

ठाकुरबाबा नगरपालिकाको मिति २०८०।०९।२६ गतेको नगरसभा बाट **"ठाकुरबाबा नगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धि ऐन, २०८०** पारित भइ प्रकाशन भएको हुँदा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

## ठाकुरबाबा नगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धि ऐन, २०८०

**प्रस्तावना:**

ठाकुरबाबा नगरपालिकाको समग्र विकासका लागि नगरपालिकाको मुख्य आन्तरिक स्रोतको रुपमा रहेको कर तथा गैरकर राजश्व सङ्कलन, दर निर्धारण तथा परिचालन लगायतको सम्पूर्ण कार्य व्यवस्थापनका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०१ को उपदफा १ मा गरिएको व्यवस्था बमोजिम ठाकुरबाबा नगरपालिकाको नगर सभाले यो ऐन निर्माण गरी लागू गरेको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कानूनको नाम **"ठाकुरबाबा नगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०८०"** रहेको छ।

(२) यो कानून ठाकुरबाबा नगरपालिका भर लागू हुनेछ र यस कानून बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो ऐन ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कानूनमा,**

**(क)** **"कम्पनी"** भन्नाले प्रचलित नेपाल कानून बमोजिम संस्थापन भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ ।

**(ख)** **"कर"** भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ ।

**(ग)** **"कर अधिकृत"** भन्नाले नगरपालिका ले दफा ६ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने नगरपालिका को अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँछ ।

**(घ)** **"कर एकाई"** भन्नालेनिर्णय गर्ने ठाकुरबाबा नगरपालिकामा कर सम्बन्धी काम, कारवाही र पालिकाको बिभाग, महाशाखा, शाखा वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रूपमा रहेको नगरपालिका अन्तर्गतको संगठन संरचना सम्झनु पर्छ ।

**(ङ)** **"करदाता"** भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शव्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वाअरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ।

**(च)** **"कर निर्धारण"** भन्नाले कर निर्धारण सम्झनु पर्छ र सो शव्दले पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउँछ ।

**(छ)** **"गैरकर राजस्व "** भन्नाले परिच्छेद — १४ बमोजिम लाग्ने वा लागेको गैरकर राजस्व सम्झनु पर्छ ।

**(ज)** **"परिवार"** भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिए वा नछुट्टिएका नावालिग सन्तान सम्झनु पर्छ ।

**(झ)** **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी सम्झनु पर्छ ।

**(ञ)** **"फर्म"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा दर्ता नभए जुनसुकै फर्म सम्झनु पर्छ ।

**(ट)** **"व्यक्ति"** भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

**(ठ)** **"सभा"** भन्नाले ठाकुरबाबा नगरपालिकाको सभा सम्झनु पर्छ

ठाकुरबाबा नगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८०

(ड) **"नगरपालिका"** भन्नाले स्थानीय तहको कार्यकारिणी अधिकार प्रयोग गर्ने ठाकुरबाबा नगरपालिका सम्झनु पर्छ ।

(ढ) **"संविधान"** भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

३. **व्याख्याः** यो कानूनमा परिभाषा गरिएका लवजको सोही अनुसार र अरुमा प्रचलित कानून व्याख्या सम्बन्धी संघीय ऐन तथा दफा ४ बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ ।

## परिच्छेद-२

## राजस्व सम्बन्धी सामान्य सिद्धान्त

४. **कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्त** : (१) कर राजस्व देहायका सिद्धान्तलाई आधार लिई लगाईनेछ;

(क) कर तिर्न सक्ने क्षमताका आधारमा ।

(ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी ।

(ग) सरल, पारदर्शी र मितव्ययी हुने गरेर ।

(घ) नागरिकलाई सुविधा हुने किसिमवाट ।

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर ।

(च) करको आधार, करको दर र कर तिर्ने अवधी निश्चित गरेर ।

(छ) पश्चातदर्शी असर नपर्ने गरेर।

(२) गैरकर राजस्व लगाउँदा र उठाउँदा उपलव्ध गराइने सेवा, सहुलियत र सुबिधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ ।

## परिच्छेद-३

## कर प्रशासन सम्बन्धी व्यवस्था

५. **कर प्रशासन** : (१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकारक्षेत्रभित्रको कर तथा गैरकरको प्रशासन ठाकुरबाबा नगरपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यावसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार कर एकाई रहन सक्नेछन् ।

६. **कर्मचारी सम्बन्धी व्यवस्था** : ( १ ) नगरपालिका बाट स्वीकृत दरवन्दी अनुसारका बिभिन्न तहका कर्मचारी कर एकाईमा रहन सक्नेछन् ।

(२) कर एकाईमा नगरपालिका ले प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दीका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृतहरु कर सहायक तथा सहयोगीहरुलाईकाममा लगाउन सक्नेछ ।

ठाकुरबाबा नगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८०

७. **कर अधिकृतको काम, कर्तव्य र अधिकारः**
यस कानूनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्यर अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
(क) करदाता दर्ता गर्ने ।
(ख) करदाताबाट विवरण प्राप्त गर्ने ।
(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने ।
(घ) कर संकलन गर्ने ।
(ङ) कर तथा गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने ।
(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने।
(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने
(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने बिषयमा दिने ।
(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने ।
(ञ) करदाताका खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने।
(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने ।
(ठ) कर सम्बन्धी अन्य काम गर्ने।

८. **अधिकार प्रत्यायोजनः** (१) पालिकाको प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस कानून बमोजिम आफूमा रहेको कर तथा राजस्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२) कर अधिकृतले आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा नगरपालिका बाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

९. **प्रत्यायोजित अधिकार र जिम्मेवारी** : (१) दफा ८ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद -४

## कर राजस्व सम्बन्धी व्यवस्था

१०. **सम्पत्ति करः** (१) ठाकुरबाबा नगर पालिकाले अफ्नो क्षेत्र भित्र रहेको सम्पत्ति कर लगाउने भनी तोकेकोघर र जग्गामा मूल्याङ्कित रकमको सम्पत्ति कर लगाउने र उठाउनेछ । ०.५ (शुन्य दशमलव पांच) प्रतिशतका दरले

(२) उपदफा (१) बमोजिमको सम्पत्ति कर लगाउने भनी तोकेको घर र जग्गा बाहेकका अन्य जग्गा भएमा दफा १४ बमोजिम भूमिकर (मालपोत) लगाउनु र असुल उपर गर्नु पर्नेछ ।

ठाकुरबाबा नगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धि ऐन, २०८०

(३) ठाकुरबाबा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको घर जग्गाको अभिलेख प्रत्येक बर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ

(४) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मूल्यांकन देहाय बमोजिम गरिनेछः

(क) घरको वनौट (कच्ची वा पक्की) ।

(ख) घरजग्गासँग सडक वा बाटो जोडिएको वा नजोडिएको र जोडिएको भए पक्की, कच्ची वा गोरेटो जस्तो बाटोको प्रकृति र राजमार्ग, मुख्य सडक वा सहायक सडकसंगको दुरी ।

(ग) घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(घ) सम्पत्ति मूल्यांकन गर्दा अनुसुची १ बमोजिम ह्रासकट्टी गरी खुद सम्पत्ति कायम गरिनेछ ।

(ङ) खण्ड (घ) बमोजिम कायम भएको खुद सम्पत्तीमा सात प्रतिशत मर्मत संभार खर्च कट्टी गर्न दिइनेछ ।

(५) उपदफा (४) बमोजिम घर जग्गा मूल्यांकन गर्न देहायको घर जग्गा मूल्यांकन समिति गठन गर्न सक्नेछ :

(क) नगरपालिका ले तोकेको ईञ्जिनियर वा प्राविधिक - संयोजक

(ख) नगरपालिका ले तोकेको घरजग्गा सम्बन्धी बिज्ञ एक जना - सदस्य

(ग) कर एकाईको प्रमुख- सदस्य सचिव

(६) घर जग्गा मूल्यांकन समितिले स्थानीय तहको कुनै पदाधिकारी वा अधिकृत वा

अन्य कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) घर जग्गा मूल्यांकन समितिले प्रत्येक पाँच वर्षमा घर जग्गा मूल्यांङनका आधार र दररेटको सुझाव सिफारिस गर्न सक्नेछ।

(८) घर जग्गा मूल्यांकन समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(९) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछः

(क) आर्थिक बर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

(ख) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको वरावर हक ।

(१०) करदाताले प्रत्येक बर्ष स्वयं कर निर्धारण गरी आश्विन मसान्त भित्र

विवरण पेश गर्नुपर्नेछ ।

(११) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ।

ठाकुरबाबा नगरपालिकाको राजपत्र गौरव सम्बन्धि ऐन २०८०

(१२) नाबालकको नाममा रहेको सम्पत्तिमा लाग्ने संपत्ति कर दाखीला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ ।

**११. घर बहाल करः** (१) ठाकुरबाबा पालिकाले अफ्नो क्षेत्र भित्र वहालमा लगाएको घरको आकार, प्रकार, बनौट र चर्चेको जग्गा (प्लिन्थ एरिया) को आधारमा घर बहाल आय रकमको (दुई) प्रतिशतका दरले घर बहाल कर लगाई असुल उपर गर्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि घर भन्नाले भवन, गोदाम, टहरा, छप्पर (सेड), कारखाना र यस्तै पक्की वा कच्चा संरचना सम्झनु पर्छ ।

(२) घर बहालमा लगाउने व्यक्ति घर बहाल करको करदाता हुनेछ । कम्पनी वा संस्था मार्फत घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ।

(३) घर बहालमा दिंदा प्रत्येक घरधनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मितिले पैंतीस दिनभित्र कर एकाइमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रीम कर कट्टी गरी घरधनीका तर्फबाट कर एकाईमा घर बहाल कर बुझाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने घर वहाल कर कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र दाखिला गर्नु पर्नेछ ।

(६) घर बहालको प्रयोजनको लागि नगरपालिका ले न्यूनतम मासिक घर बहाल रकम निर्धारण गरी लागु गर्न सक्नेछ ।

(७) न्यूनतम मासिक घर बहाल रकम निर्धारण सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

( ८ ) घर वहालमा दिने घरधनीले घर वहाल करको विवरण प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र पेश गर्नु पर्नेछ ।

(९) यस दफा वमोजिम दाखिला गर्नु पर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र दाखिला गर्नु पर्नेछ ।

(१०) एक आर्थिक वर्षको घर वहाल कर एकमुष्ट अग्रिम रुपमा श्रावण महिना भित्र दाखिला गर्ने घर धनीलाई घर बहाल करमा दश प्रतिशत छुट दिइनेछ ।

**१२. घर जग्गा रजिष्ट्रेसन शुल्कः** ( १ ) ठाकुरबाबा नगरपालिकाले घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) ठाकुरबाबा नगरपालिकाले उपदफा (१) बमोजिम घर जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको घर जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क समेत उठाउनु पर्नेछ । यसरी असुल भएको घर जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क रकम मध्ये पालिकाले लगाएको सबै र प्रदेशले लगाएको घर जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क को **दुइ प्रतिशत** रकम दाखिला गरी प्रदेशले लगाएको बांकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

(३) ठाकुरबाबा नगरपालिका क्षेत्र भित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिले घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन शुल्क बुझाउनु पर्नेछ ।

(४) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा बुझाउनु पर्नेछ ।

(५) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकम बमोजिम त्यस्तो घर जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्ने कार्यालयबाट असूल उपर गरिनेछ ।

(६) रजिष्ट्रेशन शुल्क थैली रकम वा सो प्रयोजनको लागि तोकिएको रकम मध्ये जुन वढी हुन्छ सो रकमको १ (एक) प्रतिशत हुनेछ ।

(७) घर, जग्गा वा घर जग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्ति महिला नागरिक भएमा उपदफा (६) बमोजिम लाग्ने शुल्कमा २५ प्रतिशत रकम छुट हुनेछ।

(८) संघीय, प्रदेश र नगरपालिका तथा सरकारी निकायलाई रजिष्ट्रेशन शुल्क लाग्ने छैन।

(९) **ठाकुरबाबा नगरपालिकाले** घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पुंजीगत लाभकर असुल गरी तोकेको राजस्व खातामा जम्मा गर्नुपर्नेछ ।

१३. **सवारी साधन कर :** (१) ठाकुरबाबा नगरपालिकाले सवारी साधन कर लगाउन सक्नेछ । स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सवारी साधन " भन्नाले **इन्धन वा यान्त्रिक शक्तिबाट सडकमा चल्ने चार पांग्रे, तीनपांग्रे वा दुई पांग्रे सवारी साधन** सम्झनु पर्छ । (२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइने छ।

(३) यस दफा बमोजिमको लगाईएको सवारी साधन करको दर प्रदेशमा पठाउनु पर्नेछ।

(४) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सवारी साधन धनीले यस दफा बमोजिमको कर प्रदेश कर कार्यालय वा एकाइमा बुझाउनु पर्नेछ ।

(५) प्रत्येक वर्षको आश्विन मसान्तमा सवारी साधनधनीले यस दफा बमोजिमको कर दाखिला गर्नु पर्नेछ।

१४. **भूमिकर (मालपोत):** (१) ठाकुरबाबा नगरपालिकाले भूमिकर (मालपोत) लगाई उठाउन सक्नेछ ।

२) यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लाग्नेछ र त्यस्तो जग्गाको जग्गाधनीले भूमिकर (मालपोत) तिर्नु पर्नेछ।

(३) नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका र कूटनीतिक नियोगको नाममा भएका जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन ।

(४) प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भीर परिस्थितिमा नगरपालिका ले आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुबिधा पाउने गरी भूमिकर (मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र त्यसको सूचना सभाको बैठक चलेको भए ठाकुरबाबा नगरसभामा पेश गर्नु पर्नेछ र बैठक नचलेको भए त्यसपछि वस्ने सभाको पहिलो वैठकले पारित गर्नु पर्नेछ ।

(६) नगरपालिका ले यस दफा बमोजिमको भूमिकर (मालपोत) आफैले उठाउन वा नेपाल सरकार अन्तर्गतको कुनै कार्यालय मार्फत उठाउने व्यवस्था गर्न सक्नेछ ।

(७) भूमिकर (मालपोत) प्रत्येक वर्ष आश्विन महिनाभित्र कर एकाई वा सम्बन्धित वडा कार्यालय वा नगरपालिका ले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ ।

(८) नगरपालिका ले प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएकोमा आधार र कारण खोली ठाकुरबाबा नगरपालिकाभर वा त्यसको कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जग्गाको भूमिकर बुझाउने म्याद बढाउन सक्नेछ । सो म्यादभित्र भूमिकर (मालपोत) ।बुझाएकोमा म्याद भित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन ।

१५. **मनोरन्जन करः** (१) नगरपालिका ले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट जस्ता मनोरन्जनस्थलमा देखाइने मनोरन्जनका साधनमा मनोरन्जन कर लगाई उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ बमोजिम प्रदेशले लगाएको मनोरन्जन कर मनोरन्जन स्थलको संचालकले मनोरन्जनको लागि टिकट बिक्री गर्दाको अवस्थामा असूल गर्नेछ। यसरी असुल भएको मनोरन्जन कर रकम मध्ये पालिकाले लगाएको सबै र प्रदेशले लगाएको मनोरन्जन करको दुइ (२) प्रतिशत रकम ठाकुरबाबा नगरपालिकाको संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको बांकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश संचित कोषमा दिखला गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ताबाट असूल गरेको मनोरन्जन करको रकम असूल गरेको महिनाभन्दा पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ।

<u>१६. **विज्ञापन कर :**</u> (१) ठाकुरबाबा नगरपालिकाले सूचनापट्ट (होर्डिंग बोर्ड) मा विज्ञापन कर लगाई असुल गर्न सक्नेछ ।

(२). ठाकुरबाबा नगर पालिकाले उपदफा (१) बमोजिमको विज्ञापन कर शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउनु

ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्र, २०८०

पर्नेछ। यसरी असुल भएको विज्ञापन कर रकम मध्ये पालिकाले लगाएको सबै र प्रदेशले लगाएको विज्ञापनकर को दुइ (२) प्रतिशत रकम ठाकुरबाबा नगर पालिकाको संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको बांकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश संचित कोषमा दिखला गर्नुपर्ने छ ।

(३) विज्ञापन कर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट असूल गरिने

(४) यस ऐन बमोजिम असूल गरेको मनोरन्जन करको रकम असूल गरेको महिनाभन्दा पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ।

(५) यस दफा बमोजिमको विज्ञापन सामाग्री राख्नलिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको अनुमति पत्र दिंदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नु पर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क सौन्दर्य विगार्न नहुने कुरा, सामाग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ ।

(७) कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको सूचनापट्ट (होर्डिंग बोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असूल गरी राजश्व एकाई वा सो इकाइले तोकेको बैंक खातामा दाखिला गर्नुपर्नेछ।

(८) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) मा विज्ञापन सामाग्री राखेमा कर उठाउनु अघि कर एकाइले सो निकायसग समन्वय गरी कर असुल गर्नुपर्ने छ ।

(९) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छूट वा मिनाहा हुन सक्ने छैन ।

(१०) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिका का तर्फबाट राखेका विज्ञापनमा कर लाग्नेछैन ।

**<u>१७. व्यवसाय करः</u>** (१) ठाकुरबाबा नगर पालिकाले आफ्नो क्षेत्र भित्रको व्यापार, व्यवसाय वा सेवामा पूजींगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय दर्तामा र नवीकरणमा वार्षिक व्यवसाय कर लगाउन र उठाउन सक्नेछ ।

(२) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा एक वा सो भन्दा बढी स्थानमा संचालन गरेकोमा ६० दिन भित्र सोको जानकारी कर एकाइलाई दिनु पर्नेछ।

(३) यस दफा बमोजिमको व्यवसाय बार्षिक रुपमा वुझाउनु पर्नेछ । कुनै करदाताले अग्रीम रुपमा ५ वर्षको कर एकमुष्ठ बुझाउन चाहेमा त्यस वापत लाग्ने रकममा १० प्रतिशतले छुट दिइनेछ ।

(४) करदाताले व्यवसाय संचालन गर्दा निवेदन साथ पेश गरेका विवरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नु पर्ने भएमा त्यसको कारण परेको मितिले साठी दिन भित्र कर एकाइमा जानकारी दिनु पर्नेछ ।

(५) कर अधिकृतले करदाताले यस दफा बमोजिम पेश गरेका विवरण छानविन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ।

(६) एकपटक व्यवसाय दर्ता भए पछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय संचालनमा रहेको मानी कर असूल गरिनेछ ।

(७) कुनै करदाताले लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन

## परिच्छेद–५

## करदाता दर्ता सम्वन्धी व्यवस्था :

१८. करदाताको पहिचान तथा दर्ता : (१) व्यवसाय संचालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नु पर्नेछ ।

(२) कर एकाइले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर एकाइलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो एकाइले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ।

(४) कर एकाइले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्ने छ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्वन्धिकारोवार गर्दा सोहि नम्बरको प्रयोग गर्नु पर्नेछ ।

१९. **करदाताको दायित्वः** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः

(क) आफूलाई करदाताको रूपमा दर्ता गराउने ।

ख) निर्धारित समयमा विवरण पेश गर्ने ।

(ग) निर्धारित समयमा कर दाखिला गर्ने।

(घ) यस ऐन बमोजिम कुनै शुःल्क, जरिवाना वा व्याज बुझाउनु पर्ने भए समयमा बुझाउने।

(ङ) हिसाव किताव र अभिलेख दुरुस्त राख्ने ।

(च) कर अधिकृतले मागेको सूचना तथ्याँक समयमा उपलब्ध गराउने।

(छ) कर एकाईलाई आवश्यक सहयोग गर्ने।

२०. **करदाताको अधिकार** : (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः

(क) सम्मानपूर्वक व्यवहारको अधिकार ।

(ख) प्रचलित कानुन बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार ।

(ग) कर सम्बन्धी बिषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार ।

(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार ।

(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्ने छ ।

२१. **करदाताको प्रतिनिधित्वः** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रूपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ।

स्पस्टीकरणःयस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयंले गरेको मानिनेछ ।

## परिच्छेद - ६

## विवरण दाखिला सम्वन्धि व्यवस्थाः

२२. **विवरण दाखिला गर्न आदेश दिन सक्नेः** (१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कर एकाइमा विवरण दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समयावधि थपको लागि निवेदन दिएमा करअधिकृतले तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ।

२३. **विवरण सच्याउन सकिनेः** यस परिच्छेद बमोजिमको कर विवरण दाखिल भै सकेपछि कुनैतथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखेल भएको मितिले तीन (३) महिना भित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ।

## परिच्छेद -७

## कर दाखिला सम्बन्धी व्यवस्थाः

२४. **कर दाखिला गर्नुपर्नेः** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद ४ मा उल्लेख गरिऐकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको **आश्विन मसान्त** भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने कर कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ।

**२५. कर दाखिलाको निस्सा दिनु पर्नेः** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ।

## परिच्छेद -८

## कर फिर्ता र समायोजन

२६. कर फिर्ता सम्वन्धी व्यवस्था : (१) करदाताले यस ऐनबमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखीला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उप दफा (१) वमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ।

**२७. कर समायोजन सम्बन्धी व्यवस्था** : (१) करदाताले दफा २६ वमोजिम फिर्ता पाउने ठहरीएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उप दफा (१) वमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न अदेश दिनु पर्नेछ।

## परिच्छेद -९

## कर परिक्षण र कर निर्धारणः

**२८. कर परिक्षण र कर निर्धारणः** (१) एस ऐन वमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परिक्षण गरी कर निर्धारण गरिनेछः

(क) खातापाता, हरहिसाव वा अभिलेख दुरुस्त नदेखिएमा ।

(ख) गलत वा झुट्टा कागजात/विवरण संलग्न गरेको देखिएमा ।

(ग) यथार्थ कारोवार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा ।

(घ) कारोबारका आधारमा करको दायित्व कम देखाएकोमा ।

(ङ) करको दर फरक पारेकोमा ।

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार बर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्ने छ |

२९. **कर निर्धारणको सूचना** : (१) यस ऐन वमोजिम कर अधिकृतवाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सिमा र बैक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) यस ऐन वमोजिम को कर दाखीला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सिमा भित्र कर दाखीला गर्नु पर्ने छ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखीला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर कार्यालयमा बुझाउनु पर्नेछ।

## परिच्छेद -१०

## कर संकलन सम्बन्धी व्यवस्था

३०. **कर संकलन सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर, व्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले कार्यकारी अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरीका वमोजिम कर असूल गर्न सक्नेछः-

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर ।

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर।

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर।

(ङ) करदाताको कारोवार रोक्का गरेर ।

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कव्जा गरेर।

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिएबमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा वढी भएजति रकम साढी दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

**३१. किस्ताबन्दीमा कर असूलीः** कुनै खास करदातालाई बिशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण

सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक बर्ष भित्र तीन किस्तामा कर दाखीला

गर्न आदेश दिन सक्नेछ। तर ढिला बुझाए वापत यस ऐन वमोजिम लाग्ने व्याज मिन्हा हुने छैन ।

## परिच्छेद -११

## जरिवाना शुःल्क र व्याज

३२. जरिवाना लाग्ने : यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर विगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ ।

३३. व्याज लाग्नेः यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक दश प्रतिशत व्याज लाग्नेछ ।

३४. अभिलेख नराखेमा शुल्क लाग्नेः यस ऐन बमोजिम अभिलेख राम्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु.१०००।-शुल्क लाग्नेछ।

३५. समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने : यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु.१००० ।-शुल्क लाग्नेछ।

३६. झुट्टा विवरण दिएमा शुल्क लाग्नेः यस ऐनबमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखीला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असूल गरी सो को दश प्रतिशत शुल्क लाग्नेछ।

३७. व्याज नलाग्नेः यस ऐनबमोजिम लाग्ने शुल्क व्याज र जरिवानामा पून व्याज लाग्ने छैन।

## परिच्छेद -१२

ठाकुरबाबा नगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धि ऐन, २०८०

## पूर्वादेश र प्रशासकीय पुनरावलोकन

३८. **पूर्वादेश माग गर्न सक्नेः** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर,शुल्क वा ऐनका व्यवस्थाबारे द्विविधा भएमा सोको निराकरणका लागि निजले प्रमुखप्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ|

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलव्ध गराउने छ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहने छ ।

३९. **प्रशासकीय पुनरावलोकन हुन सक्ने** : यस ऐनबमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछः

(क) कर अधिकृतले गरेको कर निर्धारण , पुनः कर निर्धारण, र संशोधित कर निर्धारण सम्बन्धी निर्णय ।

(ख ) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्य दस्तुर , शुल्क, व्याज सम्बन्धी निर्णय ।

४० . **प्रशासकीय पुनरावलोकनको प्रक्रियाः** (१) यस ऐन वमोजिमको कर निर्धारणको निर्णय उपरचित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि ६० कार्यदिन भित्र कार्वाही र किनारा गर्नु पर्नेछ ।

## परिच्छेद -१३
## पुनरावेदन

४१. **उजुरी नलाग्ने** : यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजूर लाग्ने छैन ।

४२. **पुनरावेदन दिन सक्नेः** (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० दिनिभत्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुने छ ।

## परिच्छेद -१४

## गैरकर राजश्व

४३. **सेवा शुल्क तथा दस्तुर** : ठाकुरबाबा नगरपालीकाले संविधानको अनुसूची ८ बमोजिमका क्षेत्र र बिषयमा आफूले पुर्याएको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

४४, **पर्यटन शुल्कः** (१) ठाकुरबाबा नगरपालिकाले आफै निर्माण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्ने छ। पर्यटकीय क्षेत्रमा उपलव्ध गराएको सेवाको लागत सचालन र सभार खर्चलाई आधार मानि पर्यटन शुल्क लगाउनु पर्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि ठाकुरबाबा नगरपालीकाले अफ्नो क्षेत्र भित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन ।

४५. **सवारी साधन पार्किंग शुल्क** : ठाकुरबाबा नगरपालीकाले आफूले निर्माण वा व्यवस्था गरेको सवारी साधनपार्किंग स्थलमा सवारी साधन पार्किंग शुल्क लगाई उठाउन सक्ने छ। तर नेपाल सरकार र प्रदेश सरकारले निर्माण गरेका राष्ट्रिय र प्रदेश स्तरका राजमार्गकोछेउछाउ वा पेटिमा पार्किंग शुल्क उठाउन सक्ने छैन ।

४६. **बहाल विटौरी शुल्कः** ठाकुरबाबा नगरपालिकाले सार्वजनिक, नगरपालिका को नाममा रहेको र ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनीस्थल र ती ठाउमा राख अस्थायी अनुमति दिएका पसलमा बहाल विटौरी शुल्क लगाई उठाउन सक्नेछ।

४७. **जडीबुटी, कवाडी र जीवजन्तु शुल्क** : ठाकुरबाबा नगरपालीकाले जडीबुटी, कवाडी र जीवजन्तुको कारोवारमा शुल्क लगाई उठाउन सक्नेछ।

४८. **केवलकार शुल्कः** (१) ठाकुरबाबा नगरपालिकाले आफ्नो क्षेत्र भित्र संचालन भएका केबलकारमा शुल्क लगाई उठाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिमको शुल्क केवलकार संचालकले प्रवेश टिकटमा नै समावेश गरी संकलन गर्नुपर्ने छ ।

(३) उपदफा (२) वमोजिम संकलन गरेको शुल्क संकलन गरेको महिना पछिको महिनाको २५ दिन भित्र विवरणसाथ कर एकाइमा दाखिला गर्नु पर्ने छ ।

४९. **डुंगा परिवहन (बोट सेवा) शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्र भित्र संचालन भएका डुंगा परिवहन (बोट सेवा) मा शुल्क लगाई उठाउन सक्नेछ।

५०. **अन्य शुल्क लगाउन सक्नेः** (१) ठाकुरबाबा नगरपालिकाले अनुसूची २ उल्लिखित बिषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ।

(२) नगरपालिका ले संविधान र अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को विपरित नहुने गरी आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्ने छ।

(३) उपदफा (२) बमोजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण नगरपालिका ले त्यस्तो निर्णय भएको मितिले सात कार्य दिनभित्र ठाकुरबाबा नगरपालिका 'सभाको वैठक चलेको समयमा सभामा र त्यस्तो वैठक नचलेको समयमा त्यस पछी वस्ने सभाको पहिलो वैठकमा पेश गर्नु पर्ने छ ।

५१. **छुट वा मिनाहाः** (१) ठाकुरबाबा नगरपालिकाले खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकर राजश्वमा आधार र कारण खुलाई आंशिक वा पूर्ण रूपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ। यसरी छुट दिंदा समान अवस्थाका सवै करदातालाई समान व्यवहार गरिनेछ ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामाग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा नगरपालिका ले तत् तत् सरकारसंग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउने छ।

(३) उपदफा (१) बमोजिम गैरकर राजश्वमा छुट वा मिनाहा दिएको विवरण

सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यस पछि वस्ने सभाको पहिलो वैठकमा पेश गर्नु पर्ने छ ।

## परिच्छेद -१५
## समन्वय सम्बन्धी व्यवस्था

५२. **नेपाल सरकारसंग समन्वय :** (१) ठाकुरबाबा नगरपालिकाले संघीय कानून वा यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन नगरपालिका वा नगरपालिका ले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसंग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) ठाकुरबाबा नगरपालिकाले संविधानको साझा सूचीमा रहेका बिषयसंग सम्बन्धित कर वा गैरकर राजश्वका आधार र दर वा कर प्रशासनका संबन्धमा नेपाल सरकारसंग समन्वय गर्न सक्ने छ।

(४ ) उपदफा (२) र (३)बमोजिमको व्यबस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगिएका बिषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोहीअनुसार कार्यान्वयन गर्नु पर्नेछ।

५३. **प्रदेश सरकारसंग समन्वयः** (१) ठाकुरबाबा नगरपालिकाले प्रदेश कानून वा यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन नगरपालिका  वा नगरपालिका ले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसंग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) ठाकुरबाबा नगरपालिकाले संविधानको साझा सूचीमा रहेका बिषयसंग सम्बन्धित कर वा गैर कर राजश्वका आधार वा दर वा कर प्रशासनका संबन्धमा प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ।

(४ ) उपदफा (२) र (३) बमोजिमको व्यबस्था अन्तर्गत समन्वय गरिएका बिषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोहीअनुसार कार्यान्वयन गर्नु पर्नेछ।

५४. **केन्द्रीय बैंकसँग समन्वयः** ठाकुरबाबा नगरपालिकाले कर र गैरकर राजश्व सकलनका सम्बन्धमा केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक) संग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

५५. **अन्य निकाय, कार्यालय र संस्थासंग समन्वयः** नगरपालीका वा सो को कुनै अधिकृतले कर तथा गैरकर राजश्वसंग सम्बन्धित बिषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैंक वा संस्थासंग समन्वय गर्न सक्नेछ।

## परिच्छेद-१६

## राजस्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

५६. राजस्व सम्वन्धी नयां प्रस्ताव गर्दा नगरपालिकाले कर तथा गैरकर सम्वन्धि नयां कर प्रस्ताव तयार गर्दा सरोकारवाला संग परामर्श गर्नुपर्ने छ ।

५७. **सूचना सार्वजनिक गर्नु पर्नेः** (१) यस कानुन बमोजिम नगरपालिका ले लगाएको कर र गैरकर राजश्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ।

(२) नगरपालिका ले उपदफा (१) बमोजिमका कर , राजश्वका दर र त्यसमाभएको हेरफेर समेत मिलाई नगरपालिका को वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) नगरपालिका ले कर र राजश्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद -१७
## विविध

५८. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिका ले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने,करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखीला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ।

५९. ठेक्कामा लगाउन नपाइने नगरपालिका ले आफूले असुल गर्नु पर्ने कुनै कर वा राजस्व ठेक्कालगाई उठाउन पाइने छैन । गैर करलाई बाधा नपर्ने

६०. **अनुसूचीमा हेरफेरः** गाउँ कार्यपालिका/नगर कार्यपालिकाले यस ऐनको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ र त्यसरी गरिएको हेरफेरको सूचना सभाको बैठक बसेको भए बैठकमा र तत्काल वैठक नबसेको भए त्यस पछि वस्ने सभाको पहिलो वैठकमा पेश गर्नु पर्नेछ ।

६१. **कागजातको ढाँचाः** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण,ढाँचा,तरीका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा नगरपालिका ले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिमका आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि नगरपालिका को कार्यालय सूचना पाछली, वेभसाइट र स्थानीय पत्र पत्रीकाको माध्यमबाटउपलब्ध गराउन सकिने छ ।

६२. **सुचना तामेली रीत पुगेको मानिनेः** (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद,सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ :

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,
(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,
(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,
(घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,
(ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको।
(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको ।

(२) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको , कम्प्यूटर

प्रविधिबाट इनस्क्रीप्ट वा इनकोड गरिएको , छाप लगाइएको वा सो कागजातमा लेखी

यस ऐन बमोजिम जारी गरिएको , तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।

ठकुराम गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८०

६३. **कागजातको अभिलेख राख्ने** : (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायबमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछः

(क) यस ऐन बमोजिम नगरपालिकामा पेश गर्नु पर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात ।

(ख) कर निर्धारण गर्न सघाउ पुर्याकउने कागजातहरु ।

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात ।

(२) नगर कार्यपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय बर्ष समाप्त भएको मितिले कम्तिमा ४ बर्षको अवधीसम्म सुरिक्षत राख्नु पर्नेछ ।

६४. **अदालतलाई भए सरहको अधिकार हुनेः** यस ऐनको प्रयोजनको लागि गाउँ/नगर कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान, गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

६५. **आदेश वा निर्देशन दिन सक्ने** : संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानून र यो ऐनको प्रावधानलाई कार्यान्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । यस्तो आदेश वा निर्देशन पालना गर्नु गाउँ/नगर कार्यपालिकाको कर्तव्य हुनेछ ।

६६. **कर अधिकृतको परिचय पत्रः** कर एकाईमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने , काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

६७. **विभागीय कारवाही र सजाय हुनेः** (१) कर अधिकृत वा कर प्रशासनसंग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुर्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुर्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले नगरपालिका को प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारवाही गर्नेअधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारवाहीको लागि अधिकारप्राप्त अधिकारी समक्ष रायसाथ पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन र कारवाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा कार्यकारी अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानुन बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधी भर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिने छ।

(६) उपदफा (३) बमोजिमको छानविन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि तीन महिना भन्दा बढी हुने छैन।

६८. **पुरष्कृत गर्न सक्नेः** (१) नगरपालिकाले यथार्थपरक र विश्वासनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने,लागेको कर दाखीला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरष्कार दिने व्यवस्था गर्न सक्ने छ।

(२) उपदफा (१) वमोजिम दिइने पुरष्कार सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले निर्धारण गरे वमोजिम हुनेछ।

६९. **म्याद, हदम्याद नजाने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछः

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि

७०. **<u>नियम, कार्यविधि, निर्देशिका, मापदण्ड, दिग्दर्शन बनाउन सक्नेः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका, मापदण्ड, दिग्दर्शन बनाउन सक्नेछ ।

७१. **बचाउः** (१) यस अघि नगरपालिकाबाट भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

(२) यस ऐन वा यस अन्तर्गत बनेका कानूनहरूमा उल्लिखित नभएका विषयहरूमा असल नियतका साथ काम गरिएको छ भने यसै बमोजिम भए गरेको मानिनेछ ।

(३) यो ऐन वा यस अन्तर्गत बनेका कानूनहरूमा उल्लिखित विषयहरू वा उल्लिखित नभएका विषयहरूमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले उक्त बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची-१

### (दफा १० उपदफा (४) को (घ) संग सम्बन्धित

हास्रकटी हुने व्यवस्था

ठाकुरबाबा नगरपालिकाको आर्थिक ऐन मा तोकिए बमोजिम हुनेछ ।

ठाकुरबाबा नगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धि ऐन, २०८०

## अनुसूची-२
### (दफा ५० को उपदफा (१) संग सम्बन्धित
### नगरपालिकाले शुल्क लगाई उठाउन सक्ने विषय क्षेत्र

१. खानेपानी, धारा, पोखरी र घाट

२. बिजुली

३. टेलिफोन

४. वातावरण, फोहरमैला व्यवस्थापन, सरसफाई र ढल व्यवस्थापन

५. शौचालय, स्नान गृह

६. सार्वजनिक पार्क

७. हाटबजार

८. पशु बधशाला

९. अतिथि गृह र छात्रवास

१०. अचल सम्पत्ति मुल्यांकन शुल्क

११. मर्मत सुधार (आफूले निर्माण गरेका यस अनुसूचीमा उल्लिखित साधन र सुविधाको मर्मत सुधारमा लाग्ने खर्च सम्बन्धी)

१२. बहुउद्देश्यीय भवन, शित भण्डार सभाहल आदिको शुल्क

**<u>आज्ञाले</u>**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धि ऐन, २०८०